स्थानीय सरकार
रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

## सटर भाडामा लगाउने सम्बन्धी सूचना।

प.सं. : ०८२/०८३

प्रथम पटक प्रकाशित मिति २०८३/०३/१९

रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको देहायका सटरहरु वहालमा लगाउन आय ठेक्का गर्नु पर्ने भएकोले ईच्छुक व्यक्तिहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही लिखित निवेदन पेश गर्नका लागि यो ७ (सात) दिने सूचना सम्बन्धित सबैका लागि प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. सटर वहालमा लिनेले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले ७ औं दिन बिहान १२ बजे कार्यालय समय भित्र कार्यालयको राजश्व शाखाबाट दरभाउ पत्र फारम रु. १०००। (फिर्ता नहुने गरी) मा खरिद गरी खाम वन्दी गरी दर्ता गर्नु पर्ने छ। दर्ता भएको खाम वन्दी निवेदन सोको भोली पल्ट कार्यालयका प्रतिनिधिहरुको रोहवरमा बिहानको १०:०० बजे खोलिने छ। निवेदन खोल्दा, निवेदक वा निजको प्रतिनिधि उपस्थित नभए पनि निवेदन खोल्न बाधा पर्ने छैन्।

२. खाम वन्दी निवेदन दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन खाम वन्दी निवेदन दाखिला गर्न र खोल्न सकिनेछ।

३. निवेदकले आफुले कबोल गरेको मासिक बहाल रकमको बिडवन्ड सरह कम्तीमा ६ महिना बराबर वहाल रकमको १० प्रतिशतले हुने रकम रामग्राम नगरपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, परासी शाखामा रहेको धरौटी खाता नं. च.हि.नं. ३१००१००३०३००००२ ग ३ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ। तोकिएको समय भित्र सम्झौता गर्न न आएमा निजले राखेको धरौटी रकम स्वतः जफत हुने छ।

४. खाम वन्दी निवेदनको बाहिर रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सटर (पसल घर) को कोठा नं. स्पष्ट रुपमा उल्लेख गरिनुको साथै निवेदन दाताले पनि आफ्नो नाम र ठेगाना उल्लेख गरि पेश गर्नुपर्ने छ।

५. निवेदन दाताले पेश गरेका कबोल अंक र अक्षरमा उल्लेख गरि पेश गर्नु पर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ।

६. निवेदन दाताले आफूले कबोल गरेको मासिक भाडा रकम को १२ महिनाले गुणान गर्दा हुन आउने रकम सम्झौता गर्दा वखत धरौटी वापत रामग्राम नगरपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, परासी शाखामा रहेको धरौटी खाता नं. च.हि.नं. ३१००१००३०३००००२ ग ३ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ।

७. पेश भएको निवेदन स्वीकृत गर्ने वा नगर्ने, कुनै कारण जनाई वा नजनाई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

८. म्याद नाघी आएको रित नपुगेको, शर्त राखिएको निवेदन उपर कुने कारवाही गरिने छैन।

९. सटर कोठाको बहाल रकम संझौता भएको मिति देखि २/२ वर्षमा भाडा रकम मा १० प्रतिशतले स्वतः वृद्धि हुनेछ।

१०. पहिला देखि सटर भाडामा लिनेको बहाल बुझाउन बाकी भए निवेदन पेश गर्नु भन्दा अगाडी बुझाई सक्नु पर्ने छ। अन्यथा निज वा निजको परिवार सटर बहालमा लिन पाउन योग्य मानिने छैन।

भूपेन्द्र पाण्डेय

११. घरबहाल (भाडा) मा लिई सकेपछि प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर सटर बहालमा लिनेले बुझाउनु पर्ने छ ।

१२. सटरहरुको समयावधी २०८८ अषाढ मसान्त सम्मका लागि हुने छ ।

१३. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिने छ ।

१४. सटर बहालमा प्राप्त गर्ने व्यक्ति,संस्था वा फर्म तोकिएको समय भित्र सम्झौता गर्न नआएमा प्रस्तावित न्यूनतम भाडा रकम भन्दा बढि कबोल गर्ने क्रमश दोस्रो, तेस्रो व्यक्ति,संस्था वा फर्मसगँ कानून बमोजिम सम्झौता गर्न सकिने छ ।

१५.थप शर्त तथा बन्देजहरु सम्झौतामा समेत उल्लेखि गरिनेछ ।

**तपसिलः**

| हुलाकी सडक खण्डको दक्षिण मोहडा | | | | |
|---|---|---|---|---|
| क.सं. | सटर नं. | प्रस्तावित न्यूनतम रकम | कोठा संख्या | कैफियत |
| १. | सटर नं. ३ | ५९०० | १ | |
| २. | सटर नं. ४ | ७५०० | २ | |
| ३. | सटर नं. ५ | ११५०० | ३ | |
| ४. | सटर नं. ६ | ९८०० | २ | |
| ५. | सटर नं. ७ | १०५०० | २ | |
| ६. | सटर नं. ८ | १०००० | २ | |
| ७. | सटर नं. ९ | ६१०० | १ | |
| ८. | सटर नं. १० | ९९०० | २ | |
| ९. | सटर नं. ११ | ७५०० | २ | |
| १०. | सटर नं. १३ | ४५०० | २ | |
| ११. | सटर नं. १४ | ६००० | १ | |
| १२. | सटर नं. १५ | ५२०० | १ | |
| १३. | सटर नं. १६ | ७००० | २ | |
| १४. | सटर नं. १७ | ७००० | २ | |
| १५. | टहरा नं. १८ | ४१०० | २ | |
| १६. | टहरा नं. १९ | ३६०० | २ | |
| १७. | सिढि कोठा १ | १५०० | | |
| १८. | सिढि कोठा २ | १५०० | | |

प्रमुख प्रशासकीय अधिकृत

भूपेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत